प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## सामुदायिक बिद्यालयमा प्राविधिक शिक्षा कार्यक्रमको प्रवेश परीक्षा संचालन सम्बन्धी अत्यन्त जरुरी सूचना !

(सूचना प्रकाशित मिति २०७६।०३।२६ गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट सम्वन्धन/स्वीकृति प्राप्त सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा **(TECS)** कार्यक्रम संचालित विद्यालयहरुको मिति २०७६।०३।२१ गते गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित शिक्षण संस्थाहरुको लागि **डिप्लोमा तथा प्रमाणपत्र तह**को **पुर्णशुल्कीय तर्फ**को भर्ना गर्न तपसिल बमोजिमको ३ सदस्यीय प्रवेश परीक्षा सञ्चालन, नतिजा प्रकाशन उप-समिति गठन गरी **प्रश्नपत्र निर्माण, प्रवेश परीक्षा संचालन, नतिजा प्रकाशन तथा भर्ना सिफारिश गर्ने** समेतको अधिकार प्रत्यायोजन गर्ने निर्णयानुसार डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका-२०७४(दोश्रो संशोधन), परिषद्को ऐन, नियम र विनियम बमोजिम प्रवेश परीक्षा संचालन गर्नु गराउनु हुन सम्बन्धित शिक्षण संस्था एवं सरोकारवालाहरु सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

क. सम्बन्धित शिक्षण संस्था रहेको पालिकाको कार्यकारी अधिकृत - अध्यक्ष

ख. सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय कार्यालयले तोकेको अधिकृत स्तरको कर्मचारी प्रतिनिधी - सदस्य

ग. सम्बन्धित शिक्षण संस्थाका प्राचार्य - सदस्य सचिव

प्रवेश परीक्षामा सहभागी हुने प्रत्येक शिक्षण संस्थाले सूचना प्रकाशन वापत प्रति कार्यक्रम रु. ५,०००।- का दरले र एकै शिक्षण संस्थामा एक भन्दा बढी कार्यक्रम संचालन भएको खण्डमा प्रति कार्यक्रम थप रु.३,०००।- का दरले थप रकम एकमुष्ठ परिषद्को, सम्वन्धित प्रदेश कार्यालयको रा.बा.बैंक शाखा कार्यालयमा खोलिएको खातामा जम्मा भएको सक्कल भौचरको पछाडी बुझाउने शिक्षण संस्थाको नाम, ठेगाना र रकम जम्मा गर्नुको प्रयोजन उल्लेख गरी बुझाउनु पर्नेछ ।

तर सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (TECS) कार्यक्रम संचालित विद्यालयहरुमा आवेदन फाराम भर्ने परीक्षार्थीहरुबाट प्रति परीक्षार्थी रु.१,५००।०० मात्र दस्तुर वापत लिनुपर्नेछ र सो वापतको रकम दाखिला गर्नु पर्ने छैन ।

सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (TECS) कार्यक्रम संचालित विद्यालयहरुले प्रवेश परीक्षाको नतिजाको सफ्ट कपी र प्रमाणित सक्कल प्रति सम्वन्धित परिषद्, प्रदेश कार्यालय र प.नि.का.मा नतिजा प्रकाशन भएको १ हप्ता भित्र अनिवार्य रुपमा बुझाउनु हुन सूचित गरिन्छ ।

**यो सूचना परिषद्को वेभसाइट www.ctevt.org.np मा पनि हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**